नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २३६ २०८२ साल बैशाख ८ गते सोमबार (21 Apr. 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सगरमाथा संवादको तयारीका ... ३ पृष्ठमा : दिगो विकास लक्ष्य कार्यान्वयनका ... ३ पृष्ठमा : हत्याको कथित षड्यन्त्रमा ...

# शिक्षा विकास इकाई कार्यालय तालाबन्दी



**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**

विभिन्न विद्यालयहरुको शिक्षा विकास तथा भौतिक निर्माण कार्यका लागि मधेश प्रदेशबाट पठाइएको चिठीहरु सम्बन्धीत वडाहरुमा अझै नपुगेको भन्दै आइतबार शिक्षा विकास इकाई कार्यालय सप्तरीको कार्यालयमा तालाबन्दी गरिएको छ ।

सम्बन्धीत वडा कार्यालयहरुमा विकासीय योजनाहरुको चिठी नपुगेको भन्दै जिल्लाको विभिन्न राजनीतिक दलका नेता, कार्यकर्ता, संघसंस्थाका प्रतिनिधिहरुको अगुवाईमा तालाबन्दी गरिएको हो ।

विभिन्न पार्टी लगायतका नेता कार्यकताहरुले आइतबार बिहान कार्यालय खुल्ने बित्तिकै तालाबन्दी गरिएको नागरिक उन्मुक्ति पार्टीका केन्द्रिय सचिव तुलसी थारुले जानकारी दिए ।

उनले भने, “अधिकांश विकासीय योजनाका चिठीहरु प्रदेश राजधानी जनकपुरमै कमिशन लिई बिक्रि गरेको तथा बाँकी रहेका चिठीहरु व्यक्ति व्यक्तिहरुले कमिशन लिएर बेच्ने गरेको थाहा पाएपछी तालाबन्दी गर्न बाध्य भयौं ।”

थारु कल्याणकारिणी सभाका जिल्ला सचिव मिलन लेखीले विद्यालय जस्तो संवेदनशिल क्षेत्रमा समेत राजीनितकरणका कारण शिक्षाको स्तर घट्दै जाँदा त्यसको बाधक राजनीतिक दल नै रहेकोले बाध्य भई तालाबन्दी गर्नुपरेको लाचारी सुनाए । उनले शिक्षाको स्तर बृद्धिका लागि प्रदेश सरकारबाट आएको बजेट समयमै सदुपयोग हुने आशंका बढेकोले सबै गम्भिर हुनु पर्नेमा जोड समेत दिए ।

# जनमतका केन्द्रिय कोषाध्यक्ष यादव राजविराजबाट पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**

जनमत पार्टीका केन्द्रीय कोषाध्यक्ष सुरेन्द्र नारायण यादव आइतबार राजविराजबाट पक्राउ परेका छन् ।

उनलाई सप्तरी प्रहरीले राजविराज बजार क्षेत्रबाट पक्राउ गरेको हो । प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले पक्राउ गरिएको पुष्टि गर्दै उनलाई सोमबार ललितपुर जिल्ला प्रहरी परिसर पठाइने जानकारी दिएका छन् ।

पक्राउ परेका यादव विरुद्ध ललितपुर जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको भएकोले पक्राउ गरेको प्रहरी उपरिक्षक खतिवडाले बताए ।


जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्त जितेन्द्र कुमार बस्नेतले यादव बिरुद्ध ललितपुर

*बाँकी अन्तिम पृष्ठमा*

॥ शम्भवे गुरवे नमः ॥

**बिराट शिवगुरु समगोष्ठी एवं महोत्सव**

**पूर्णतः एक अध्यात्मिक आयोजन**



**“आऔं हिडौं शिव तिर”**
**शिव गुरुको शिष्यता एउटा मात्र विकल्प !**

**कार्यक्रमको प्रमुख अतिथि**
विश्व शिव शिष्य परिवारको सचिव एवं शिव शिष्यताका प्रमाण परमपूजनीय अभिनव आनन्द (मन्नु भैया)



यस कार्यक्रममा बिहार राज्यका विभिन्न जिल्लाका गुरु भाई एवं गुरु बहन, नेपालको विभिन्न जिल्लाको गुरु भाई, बहन एवं सप्तरीको शिव शिष्यहरु, अध्यात्म प्रेमी, परमात्मा शिव सँग प्रेम गर्ने मानव श्रृष्टीका सम्पूर्णमा सहभागी भइदिन हुन अनुरोध छ ।

**मिति :** २०८२ बैशाख १३ गते शनिबार
**समय :** बिहान १० देखी दिउँसो ४ बजेसम्म
**स्थान :** श्री राजदेवी माध्यमिक विद्यालयको खेल मैदान राजविराज १, सप्तरी

**आयोजक**
श्री शिव शिष्य परिवार सप्तरी
मो. न. ९७०२६३५५९१, ९८१७७३१२१०, ९८५२०००००१

# सामाजिक विकास इकाई कार्यालयको ताला खोलियो

**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**

जनमत पार्टीका नेता कार्यकर्ताले सामाजिक विकास इकाई कार्यालय सप्तरीमा लगाएको ताला नौ दिनपछि आईतबार खोलेको छ ।

कार्यालय प्रमुख शुशील कुमार झा र जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि डम्बर कुमार खंग, जनमत पार्टीका नेता भगवती प्रसाद यादव र भूपेन्द्र प्रसाद सहितको बैठकमा जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवको अगुवाई कार्यालयमा लगाईएको ताला खोल्ने निर्णय भएको हो ।

यसअघि चैत २९ मा खेलकुद तथा समाज कल्याण मन्त्रालयद्वारा सामाजिक विकास ईकाई कार्यालयमा पठाइएको विभिन्न योजनाका अधिकांश चिठ्ठी कार्यालय प्रमुख शुशिल झाले जनकपुरमै कमिशन लिई बिक्री गरेको आरोप लगाउँदै जनमत पार्टीका संसदीय दलका नेता एवं पूर्व मन्त्री महेश प्रसाद यादवको अगुवाईमा सामाजिक विकास ईकाई कार्यालय सप्तरीमा तालाबन्दी गरिएको थियो ।

“यस इकाई कार्यालय सप्तरीबाट विगतमा भएका कमी कमजोरी समस्याहरुलाई सुधार गरी समयमै यस इकाई कार्यालयको स्वीकृत योजना तथा कार्यक्रम मधेश प्रदेश सरकारको नियामानुसार संचालन गर्ने गराउने भनी २०८१ चैत्र २९ गते लगाइएको ताल्चा खोल्ने दुबै पक्ष विच सहमति भयो” बैठकले गरेको निर्णयमा उल्लेख छ ।

# मतदाता नामावली अद्यावधिक गर्दै निर्वाचन आयोग

काठमाडौं, ७ वैशाख (रासस) ।

निर्वाचन आयोगले मतदाता नामावली अद्यावधिक कार्यक्रमलाई सफल बनाउन सम्पूर्ण सरोकारवाला र मतदातामा अनुरोध गरेको छ । त्यस कार्यक्रमका लागि अनलाइनमार्फत निवेदन पेस गर्न वा सम्बन्धित निर्वाचन कार्यालयमा सम्पर्क गर्न पनि आयोगले भनेको छ ।

निर्वाचन आयोगबाट स्वीकृत मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ बमोजिम अद्यावधिक कार्यक्रम सञ्चालन हुन लागेको आयोगका प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिनुभयो ।

उक्त कार्यक्रम बमोजिम गत चैत मसान्तसम्म १८ वर्ष उमेर पूरा भएका नागरिकको विवरणलाई वैशाख १ गतेबाट अद्यावधिकको प्रक्रिया प्रारम्भ भैसकेको छ ।

मतदाताहरूको प्रारम्भिक नामावली आयोगको वेवसाइट www.election.gov.np मा प्रकाशन समेत भएकामा अद्यावधिक कार्य सम्पन्न भएपछि वैशाख मसान्तमा अन्तिम मतदाता नामावली प्रकाशन हुने उहाँले जानकारी दिनुभयो ।

आयोगका अनुसार, मतदाता

*बाँकी अन्तिम पृष्ठमा*

**चटयाङ्गबाट बचौं र बचाऔं**

आकाशमा विजुली चम्कँदा र गड्याङ्गगुडुङ्ग हुँदा:

- घरभित्रै बसौं,
- रूख वा विजुलीको पोलमुनी नबसौं,
- पौंडी खेल्ने, डुङ्गा चलाउने तथा खेतबारीमा काम नगरौं,
- सुरक्षित ओतमा नपुग्दै चटयाङ्ग परे दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर बसौं,
- टेलिफोन, मोबाईल, टेलिभिजन, चार्जर, कम्प्युटर, फ्रिजजस्ता विद्युतीय उपकरणको प्रयोग नगरौं,
- झ्याल, भर्याङ्ग, बुइगल, बरण्डाको ग्रील, बारलगायतका धातुजन्य वस्तु नछोऔं,

चटयाङ लागेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा लैजाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### शिक्षामा सुधार आवश्यक

शिक्षा कुनै पनि राष्ट्रको समृद्धि र विकासको आधार हो। नेपालको सन्दर्भमा शिक्षा प्रणालीले विगत केही दशकमा केही सुधारहरू गरे तापनि अझै पनि गुणस्तरीय शिक्षाको अभाव, असमान पहुँच, शिक्षकहरूको क्षमता अभिवृद्धिमा कमजोरी, र पाठ्यक्रमको सान्दर्भिकता जस्ता समस्याहरू कायमै छन्। यिनै समस्याहरूले आजको पुस्तालाई प्रतिस्पर्धात्मक विश्वमा अगाडि बढ्न कठिन बनाइरहेका छन्।

शिक्षा नीतिमा बारम्बार परिवर्तन भए पनि ती परिवर्तन व्यवहारमा कति लागू भए भन्ने प्रश्न उठ्न सक्छ। ग्रामीण क्षेत्रका विद्यालयहरूमा आधारभूत पूर्वाधारको अभाव, शिक्षकको अनुपस्थिति तथा दक्ष जनशक्तिको कमीले शिक्षाको गुणस्तर कमजोर बनेको छ। साथै, निजी र सार्वजनिक विद्यालयबीचको खाडल दिन प्रतिदिन फराकिलो बन्दै गएको छ, जसले सामाजिक विभाजन थप गहिरो बनाइरहेको छ। अर्कोतर्फ, विद्यार्थीलाई सैद्धान्तिक ज्ञानमा मात्र सीमित नगरी व्यावहारिक, प्राविधिक, सिर्जनात्मक र आलोचनात्मक सोच विकास गर्न सक्ने शिक्षण प्रणाली आवश्यक छ। त्यसका लागि शिक्षक तालिम, पाठ्यक्रम विकास, र प्रविधिको समुचित प्रयोग अपरिहार्य छन्।

सरकार, शैक्षिक संस्थाहरू, अभिभावक र समाज सबैले मिलेर शिक्षामा सुधार ल्याउने दीर्घकालीन रणनीति बनाउनु आवश्यक छ। शिक्षा केवल कक्षा कोठामा सीमित हुनु हुँदैन; यो जीवन उपयोगी, सबल र स्वाभिमानी नागरिक उत्पादन गर्ने माध्यम बन्नुपर्छ। तसर्थ नेपालको समृद्ध भविष्यका लागि शिक्षामा सुधार अब विकल्प होइन, आवश्यकता हो।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# सगरमाथा संवादको तयारीका लागि हिमाली संवाद गरिँदै

काठमाडौँ, ७ वैशाख (रासस)।

सङ्घीय सरकारले आगामी जेठ २ देखि ४ गतेसम्म आयोजना गर्ने सगरमाथा संवादको पूर्वतयारीका रूपमा हिमाली संवाद आयोजना गरिँदै छ। यही वैशाख ९ र १० गते जुम्लाको खलङ्गामा हुने हिमाली संवादमा कर्णालीका बालबालिका र सीमान्तकृत समूहहरूको समस्या उठाइने छ।

सगरमाथा संवादको सचिवालयसँगको समन्वयमा सेभ द चिल्ड्रेन, युथ एलाइन्स फर इन्भायरोन्मेन्ट (वाइएई), कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (क्रिडाक) लगायत विकास साझेदारसँगको सहयोग र सहकार्यमा हिमाली संवाद हुन लागेको हो। यसमा सीमान्तीकरणबाट प्रभावित बालबालिका, युवा र हिमाली समुदायहरूलाई अनुभव आदानप्रदान गर्न, आफ्ना विशेष आवश्यकताहरू व्यक्त गर्न र बाल-संवेदनशील जलवायु समाधानका लागि वकालत गर्न मञ्च प्रदान गर्नेछ।

स्थानीय मुद्दाहरूलाई राष्ट्रिय मञ्चहरूसँग जोड्दै, हिमाली संवादले हिमाली समुदायहरूभित्र एक प्रमुख मञ्चका रूपमा काम गर्ने वाइएइका अध्यक्ष सनोत अधिकारीले जानकारी दिनुभयो। "सगरमाथा संवादको बृहत् एजेन्डा 'जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य' सँग मेल खाने गरी राष्ट्रिय र अन्तरराष्ट्रिय नीतिगत वार्ताहरूमा समुदायका आवश्यकताहरूको अर्थपूर्ण एकीकरणका लागि बालबालिका र युवाका लागि स्थान र आवाज उठाइनेछ", उहाँले भन्नुभयो।

हिमाली संवादका मुख्य उद्देश्यहरू बालबालिका र युवाको आवाजलाई बुलन्द गर्ने, उमेर-संवेदनशील जलवायु नीतिहरूको वकालत गर्ने, स्थानीय वास्तविकताहरूलाई विश्वव्यापी जलवायु ढाँचाहरूसँग जोड्ने र सफल समुदाय-नेतृत्वका जलवायु पहलहरू प्रदर्शन गर्ने रहेका छन्।

संवादमा कर्णाली प्रदेशका हिमाली समुदायका बालबालिका, आदिवासी र सीमान्तकृत समुदाय, महिला र किशोरी, हिमाली क्षेत्रमा कार्यरत नागरिक समाज सङ्गठन, विकास साझेदार, संयुक्त राष्ट्रसङ्घीय निकाय, सरकारीतर्फका सहभागी, स्थानीय सरकारका प्रतिनिधि र नीति निर्माता, प्रदेश र सङ्घीय सरकारबाट प्रतिनिधित्व गरी करिब एक सय ५० जनाको सहभागिता रहने छ। जलवायु परिवर्तन र वातावरणीय ह्रासले बालबालिका तथा हिमाली क्षेत्र जोखिमपूर्ण बन्दै गएको विज्ञ बताउँछन्।

वातावरणीय क्षति र उत्सर्जनमा नगण्य योगदान गरे तापनि, यी क्षेत्रका बालबालिकाले यसका विनाशकारी परिणामहरूको सबैभन्दा बढी मार खेपिरहेका छन्। नेपालका हिमाली समुदायहरूमा, बालबालिकाहरूले जलवायु परिवर्तनका चरम मौसमी घटनाहरू, वायूप्रदूषण र पानीजन्य रोगहरूको सामना गरिरहेका छन्, जसले उनीहरूको जीवन रक्षा, शिक्षा, संरक्षण र समग्र कल्याणमा असर पारिरहेको छ। त्यस्ता प्रभावित समुदायको न्यायका लागि आवाज बुलन्द गर्न हिमाली संवाद आयोजना गर्न लागिएको क्रिडाकका कार्यकारी निर्देशक गोविन्दबहादुर शाहीले जानकारी दिनुभयो।

विसं २०७८ को जनगणना अनुसार मुलुकको कूल जनसङ्ख्याको ३३ दशमलव आठ प्रतिशत बालबालिका छन्। नेपाल भूगोल र सामाजिक-आर्थिक चुनौतीहरूका कारण विश्वका सबैभन्दा जलवायु जोखिमयुक्त देशहरूमध्ये एक हो। हिमाली क्षेत्रहरूमा जलवायु परिवर्तनका असरहरू झनै गम्भीर छन्। मौसममा परिवर्तन, हिमनदी पग्लनु र पानीको आपूर्ति घट्नुले पहिरो, बाढी र खडेरीजस्ता विपद्हरूको आवृत्ति बढाउँछ।

पछिल्ला केही दशकमा नेपालले जलवायुजन्य घटनाहरू बढ्दै गएका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार पछिल्ला विपद्मा सेती बाढी, जुरे पहिरो, मेलम्ची बाढी, कर्णाली/पश्चिम तराई पहिरो/बाढी, थामे बाढी पहिरो र काठमाडौँ उपत्यका बाढीलगायत रहेका छन्।

कर्णाली क्षेत्रले बढ्दो खडेरी र चरम पानीको अभावको सामना गरिरहेको छ, जसले कृषि उत्पादकत्व घटाएको छ। यी चुनौतीहरूले जीविकोपार्जनलाई गम्भीर रूपमा कमजोर बनाएका छन्। बसाइँसराइ, कुपोषण, शिक्षामा अवरोध र बालविवाहमा योगदान पुर्‍याएका छन्, जसले बालबालिकामा दीर्घकालीन प्रभावहरूलाई बढाउँदै लगेको क्रिडाकका कार्यकारी निर्देशक शाहीले बताउनुभयो।

# आफ्नो आम्दानीको केही प्रतिशत मातृभूमिको विकासमा लगानी गर्न अनुरोध

काठमाडौँ, ७ वैशाख (रासस)।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानीको अपार सम्भावना रहेको बताउँदै आफ्नो आम्दानीको केही अंश मातृभूमिको विकासका निम्ति लगानी गर्न वैदेशिक रोजगारीमा रहेका नेपाली तथा गैरआवासीय नेपालीहरुलाई आग्रह गर्नुभएको छ।

नेपाली जनसम्पर्क समिति युएईद्वारा शनिबार साँझ अबुधाबीमा आयोजित एक कार्यक्रममा उहाँले नेपालमा लगानीका प्रशस्त सम्भावना रहेको र धेरै क्षेत्रहरुमा लगानीगरी राम्रो प्रतिफल लिन सकिने बताउनुभयो।

"नेपालमा सम्भावना छैन भन्ने र हरेक कुरा नकारात्मक रुपमा लिने गरिएको पाइन्छ। विदेशमा बस्ने नेपालीलाई विदेशको विकास र प्रविधिहरु देखेर नेपालसँग तुलना र विरोध गर्ने गरेको पाइन्छ। विदेशमा गरेको जस्तै लगानी र मेहनत नेपालमा गर्ने हो भने प्रशस्त लाभ लिन सकिन्छ", उहाँले भन्नुभयो। उहाँले हालै नेपाल सरकारले गरेको कानुन सुधारले लगानीकर्तामा उत्साह ल्याएको र मुलुकमा लगानीको वातावरण पनि बन्दै गएको बताउनुभयो।

त्यस अवसरमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल, युएइका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीलगायत विशिष्ट व्यक्तिहरुको उपस्थिति थियो।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

# दिगो विकास लक्ष्य कार्यान्वयनका लागि रु २११ खर्ब ६५ अर्ब लगानी आवश्यक

काठमाडौं, ७ वैशाख (रासस)।

दिगो विकास लक्ष्य कार्यान्वयनका लागि रु २११ खर्ब ६५ अर्ब लगानी आवश्यक भएको राष्ट्रिय योजना आयोगले जनाएको छ। आयोगले आइतबार 'दिगो विकास लक्ष्यः आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, २०८१' प्रतिवेदन सार्वजनिक गर्दै सन् २०२४ देखि २०३० सम्ममा वार्षिक औसत रू ३० खर्ब २३ अर्ब लगानी आवश्यक पर्ने जनाएको हो।

दिगो विकास लक्ष्यमध्ये कुल लगानी आवश्यकताको सबैभन्दा ठूलो हिस्सा लक्ष्य-९ को कार्यान्वयनका लागि आवश्यक पर्ने आयोगले जनाएको छ। दिगो विकास लक्ष्य-९ उद्योग, नवीन खोज र पूर्वाधार क्षेत्रसँग सम्बन्धित छ। यस क्षेत्रमा कुल लगानीको २४ प्रतिशत लगानी आवश्यक पर्ने जनाइएको छ।

त्यसैगरी, लक्ष्य-७ अर्थात स्वच्छ ऊर्जाका क्षेत्रमा कूल लगानीको १२ प्रतिशत र लक्ष्य-१ अर्थात् गरिबी अन्त्यका लागि ११ प्रतिशत लगानी चाहिने आयोगको अनुमान छ। दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि २०२४ देखि २०३० सम्म औसतमा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ४५ दशमलव चार प्रतिशत लगानी आवश्यक हुने अनुमान गरिएको छ।

दिगो विकास लक्ष्य कार्यान्वयनका लागि लगानी आवश्यकता पूर्ती गर्न सार्वजनिक, निजी, सहकारी र घरपरिवारस्तरबाट वित्तीय स्रोत उपलब्ध हुने गरी रणनीति तयार पारिएको आयोगले जनाएको छ। सार्वजनिक क्षेत्रबाट दिगो विकास लक्ष्यको कुल लागत आवश्यकता मध्ये ५७ दशमलव पाँच प्रतिशत लगानी परिचालन हुने अनुमान गरिएको छ। जसमा सङ्घन घ सरकारको ७०, प्रदेशको नौ र स्थानीय सरकारहरूको तर्फबाट २१ प्रतिशत लगानी आवश्यक पर्ने ठानिएको छ। त्यस्तै, निजी क्षेत्रबाट ३४.३५ प्रतिशत, सहकारी तथा गैर सरकारी क्षेत्रबाट चार दशमलव १८ प्रतिशत र घरपरिवार स्तरबाट तीन दशमलव ९५ प्रतिशत लगानी परिचालन हुने अनुमान गरिएको छ।

प्रतिवेदन सार्वजनिक गर्नुहुँदै योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि आवश्यक लगानी कति हो ? र त्यसका लागि स्रोत कहाँ खोज्ने भनेर अनुमान गरी यो दस्तावेज तयार पारिएको बताउनुभयो।

"लक्ष्य प्राप्तिका लागि हाम्रो आवश्यकता र त्यसलाई पूर्ति गर्नका लागि आवश्यक स्रोतको पहिचान गर्न खोजिएको छ। यो प्रतिवेदनमा हामीले पहिलेको भन्दा केही नयाँ स्रोत पनि पहिचान गरेका छौं", उहाँले भन्नुभयो, "लक्ष्य प्राप्तिका लागि तीनवटै तहका सरकार र निजी तथा सहकारी क्षेत्रको भूमिकालाई पनि पुनःपरिभाषित गरेका छौं।" दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि विद्यमान स्रोतबाहेक सम्मिश्रित वित्त ( ब्लेन्डेड फाइनान्स), जलवायु वित्त, जस्ता नवीनतम स्रोतको पहिचान आवश्यक रहेको उपाध्यक्ष अधिकारीले बताउनुभयो।

दिगो विकास लक्ष्य कार्यान्वयनका लागि दीर्घकालीन वित्तीय अन्तर कति हो भन्ने कुरा पनि यो प्रतिवेदनले समेटेको छ। सन् २०३० सम्ममा दिगो विकास लक्ष्यमा अपेक्षित प्रगति हासिल गर्नका लागि चाहिने आर्थिक, नीतिगत तथा कानुनी पुनरावलोकनका क्षेत्रको सुझाव पनि प्रतिवेदनले दिएको छ।

त्यस्तै, क्षेत्रगत नीति सुधार, दिगो विकास लक्ष्यको प्राथमिकीकरणको साथै स्रोत परिचालन सुधार, वैदेशिक सहायताको परिचालन, सार्वजनिक खर्चको लागत प्रभावकारिता अभिवृद्धि, प्रविधिमा सजिलो पहुँचलगायत रणनीतिक हस्तक्षेप आवश्यक देखिएको प्रतिवेदनमा उल्लेख छ।

कोभिड-१९ महामारी, जनसाङ्ख्यिक परिवर्तन, बसाइँसराइ र सहरीकरण, बढ्दो असमानता, जलवायु परिवर्तनसम्बन्धी मुद्दाहरु, द्वन्द्वका प्रभावसहित प्रादेशिक सन्दर्भले समग्रमा मुलुकको दिगो विकास लक्ष्य कार्यान्वयनका लागि नीति तथा रणनीतिमा पुनरावलोकन र अद्यावधिक आवश्यक रहेको भन्दै आयोगले यो प्रतिवेदन तयार पारेको हो।

आयोगले आइतबारै 'प्रमुख आर्थिक सूचकहरुको प्रयोग विधि' नाम पुस्तक पनि सार्वजनिक गरेको छ। बारम्बार प्रयोगमा आइरहने आर्थिक सूचकहरुको सही प्रयोग अभिवृद्धि गर्न यो पुस्तक प्रकाशन गरिएको आयोगले जनाएको छ।

# 'उपेक्षित, उत्पिडित र दलित वर्ग उत्थान विकास समिति' सञ्चालन गर्नुपर्ने माग

काठमाडौं, ७ वैशाख (रासस)।

दलित समुदायका अगुवाहरुले 'उपेक्षित, उत्पिडित र दलित वर्ग उत्थान विकास समिति' सञ्चालन गर्नुपर्ने माग गर्दै माइतिघर मण्डलामा आइतबार धर्ना दिएका छन्।

नेपाल पिछडावर्ग ( ओबिसी) महासङ्घको नेतृत्वमा दलित समुदायका अगुवाहरुले 'पिछडिएको समुदाय (ओबिसि) उत्थान विकास समिति' र 'वादी समुदाय उत्थान विकास समिति'लाई यथाशीघ्र सञ्चालन गर्नुपर्ने माग गर्दै धर्ना दिएका हुन्।

महासङ्घका अध्यक्ष गजेन्द्र ठाकुरले तीन वटै विकास समितिमा रिक्त रहेको पदमा जतिसक्दो चाँडो पदाधिकारी नियुक्ति गर्नुपर्नेमा जोड दिनुभयो। तीनवटै विकास समितिमा लामो समयदेखि कार्यरत अवकासित कर्मचारीलाई पुनःनियुक्ति गर्नुपर्ने उहाँको भनाइ छ।

महासङ्घले राष्ट्रिय समावेशी आयोगले पिछडा वर्गको थर सूचीकरणको लागि गरिएको सिफारिस मन्त्रिपरिषद्वाट पास गरी यथाशीघ्र (ओबिसि) आरक्षण लागू गर्नुपर्ने, सरकार र नेपाल पिछडावर्ग (ओबिसि) महासङ्घ, दलित सङ्घ तथा वादी समुदायबीच भएको सम्झौता लागू गर्न सरकारसँग अनुरोध गरेको छ।

# राप्रपाका अध्यक्षसहित तीन जना पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौँ, ७ वैशाख।**

राष्ट्रिय प्रजातन्त्र पार्टी ( राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देन, नेता बुद्धिमान तामाङ र प्रमुख सचेतक ज्ञानबहादुर शाही पक्राउ परेका छन्।

उनीहरु निषेधित क्षेत्रमा प्रदर्शनका गर्ने क्रममा पक्राउ पर्नुभएको नेपाल प्रहरीका प्रवक्ता दिनेशकुमार आचार्यले जानकारी दिए। राप्रपाले निषेधित क्षेत्र तोकिएको माइतीघर बिजुलीबजारमा प्रदर्शन गरेको थियो।

## डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

भर्ना खुल्यो। भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस

Wisdom School
Rajbiraj 2

राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो

हाम्रो विशेषताहरु

– दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने।
– बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने।
– CC Camera को निगरानीमा पठनपाठन गराइने।
– अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने।
– प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको।
– गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
– कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने।

प्रधानाध्यापक
Wisdom School, Rajbiraj 2
सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२

# विश्व समाचार

## हत्याको कथित षड्यन्त्रमा इक्वेडर 'अधिकतम सतर्कता' मा

क्विटो, ७ वैशाख (रासस/एएफपी)।

हालै पुनः निर्वाचित राष्ट्रपति डेनियल नोबोआ विरुद्धको कथित हत्याको षड्यन्त्रलाई लिएर इक्वेडर अधिकतम सतर्क रहेको सरकारले शनिबार जनाएको छ।

नोबोआले अप्रिल १३ को दोस्रो चरणको मतदानमा जित हासिल गर्नुभएको थियो तर उहाँका मुख्य प्रतिद्वन्द्वी लुइसा गोन्जालेजले उहाँमाथि 'विकृत निर्वाचन धाँधली' गरेको आरोप लगाउनुभएको छ।

मेक्सिको र अन्य देशहरूबाट इक्वेडरमा प्रवेश गर्ने हत्याराहरूले नोबोआविरुद्ध 'आतङ्कवादी आक्रमण' गर्ने योजना बनाएको सैन्य गुप्तचर प्रतिवेदन यस हप्ता सामाजिक सञ्जालमा सार्वजनिक भएको थियो।

"हामी गणतन्त्रका राष्ट्रपति, राज्य अधिकारीहरू वा सार्वजनिक अधिकारीहरूको जीवन विरुद्धको कुनै पनि अभिप्रायको कडा निन्दा र विरोध गर्दछौं", इक्वेडरको सरकारी मन्त्रालयले शनिबार बिहान एक विज्ञप्तिमा भन्यो, "राज्य अधिकतम सतर्कतामा छ।"

सरकारले कुनै विशेष नाम प्रस्ताव नगरेको भए पनि 'चुनावमा पराजित राजनीतिक क्षेत्रसँगको संलग्नतामा आपराधिक संरचनाहरू' लाई षड्यन्त्र रचेको आरोप लगाएको छ।

इक्वेडरको निर्वाचन परिषद् र अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले दोस्रो चरणको मतदानमा धोखाधडीको दावीलाई अस्वीकार गरेका छन्, तर मेक्सिको र कोलम्बियाले नोबोआको जितलाई आधिकारिक रूपमा मान्यता दिएका छैनन्। प्रतिवेदनको सार्वजनिकीकरणले इक्वेडर र मेक्सिकोबीचको दरारलाई फराकिलो बनाएको छ।

सुरक्षा बलले क्विटोमा रहेको दूतावासमा आक्रमण गरी शरण दिइएका पूर्व उपराष्ट्रपतिलाई पक्राउ गरेपछि मेक्सिकोले एक वर्षअघि यस दक्षिण अमेरिकी राष्ट्रसँग सम्बन्ध तोडेको थियो।

मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामले वामपन्थी गोन्जालेजका लागि समर्थन व्यक्त गर्नुभएको छ। गोन्जालेजले पुनः मतगणनाको माग गर्ने बताउनुभएको छ।

नोबोआ विरुद्धको कथित षड्यन्त्रको रिपोर्ट बाहिर आएपछि मेक्सिकोको विदेश मन्त्रालयले इक्वेडरमा मेक्सिको 'कथित आपराधिक कार्य वा आन्तरिक अवस्थाको स्रोत' भएको कुनै पनि सुझावलाई अस्वीकार गर्दै विज्ञप्ति जारी गरेको छ। "हाम्रो देश गैर-हस्तक्षेपको सिद्धान्तद्वारा निर्देशित छ र सधैं रहनेछ", विज्ञप्तिमा भनिएको छ।

मे २४ मा शपथ लिने अपेक्षा गरिएका नोबोआले आफ्नो हिंसाग्रस्त राष्ट्रलाई एकजुट गर्ने विशाल कार्य सामना गर्नुपरेको छ। कार्टेलहरू लागूपदार्थ तस्करी मार्गहरूमा नियन्त्रणका लागि प्रतिस्पर्धा गरिरहेकाले यहाँ वर्षको सुरुमा औसतमा हरेक घण्टा एक हत्या हुन्थ्यो।

## अस्ट्रेलियाको तटमा ठूलो छालले डुबेर ६ जनाको मृत्यु

सिड्नी, ७ वैशाख (रासस/एएफपी)।

आइतबार सिड्नी नजिकै चट्टानबाट खसेपछि एक मछुवाको मृत्यु भएको छ। योसँगै इस्टर सप्ताहन्तमा अस्ट्रेलियाको पूर्वी तटमा विशाल छालहरूले प्रहार गर्दा डुबेर मृत्यु हुनेको सङ्ख्या छ पुगेको छ। आपत्कालीन सेवाहरूले वाट्टामोला समुद्री तटमा दुई जनालाई छालबाट उद्धार गरेका थिए। तर उनीहरूमध्ये एकलाई बचाउन नसकिएको न्यु साउथ वेल्स प्रहरीले एक विज्ञप्तिमा बताएको छ।

दक्षिणी सिड्नीको बाहिरी भागमा चट्टानबाट खसेको बेला यो जोडी माछा मार्दै थियो। दोस्रो व्यक्ति १४ वर्षीय किशोर अस्पतालमा स्थिर अवस्थामा रहेका छन्।

यसले छुट्टीको सप्ताहन्तमा मृत्युको शृङ्खला जारी राखेको छ। शुक्रबारदेखि समुद्रमा बेपत्ता भएका अन्य दुई व्यक्ति - एक सिड्नीबाट र एक मेलबर्नबाट - को खोजी जारी छ। सर्फ लाइफ सेभिङ अस्ट्रेलिया (एसएलएसए) ले बलियो छालहरूले न्यु साउथ वेल्स र भिक्टोरियाको तटहरूमा खतरनाक समुद्री अवस्थाहरू सिर्जना गर्नेछन् भन्दै बिहीबार एक चेतावनी जारी गरेको थियो।

न्यु साउथ वेल्समा शुक्रबार तीन जनाको डुबेर मृत्यु भएको थियो भने मेलबर्न नजिकै समुद्रमा खसेपछि एक महिलाको मृत्यु भएको थियो भने एक जना पुरुष बेपत्ता भएका थिए।

शनिबार केही ठाउँमा छालहरू तीन दशमलव पाँच मिटर ( ११ दशमलव पाँच फिट) जति अग्ला हुँदा दक्षिणी न्यु साउथ वेल्समा एक मछुवाको चट्टानबाट बगेर मृत्यु भएको थियो। एसएलएसएले सप्ताहन्तअघि जारी गरेको तथ्याङ्कमा पछिल्लो १० वर्षमा सक्रिय जीवन बचाउने सेवा नभएका समुद्री किनारहरूमा छ सय ३० जनाको मृत्यु भएको देखाएको थियो। प्रमुख कार्यकारी अधिकृत एडम वेयरले गस्ती गरिएका समुद्र तटहरूलाई सुरक्षाका लागि प्राथमिकता दिनुपर्ने सल्लाह दिनुभयो।

"हामीलाई थाहा छ कि अस्ट्रेलियाली र हाम्रो देशका आगन्तुकहरू क्याम्पिङ, माछा मार्ने र अन्य तटीय गतिविधिहरूको आनन्द लिन सामान्य बाटोबाट बाहिर जान मन पराउँछन्", वेयरले एक विज्ञप्तिमा भन्नुभयो, "तर यी तटीय स्थानहरूले खतराहरू प्रस्तुत गर्न सक्छन्, केही तपाईंले देख्न सक्नुहुन्छ र केही तपाईंले देख्न सक्नुहुन्न, त्यसैले हामीसँग केही सरल सल्लाह छन् : रोक्नुहोस्, हेर्नुहोस्, जीवित रहनुहोस्।"

# प्रतिष्ठानको ऐन बन्ने काम अन्तिम चरणमा पुगेको छ : डा. चौधरी




**सतीश कुमार**
**राजविराज, ७ बैशाख ।**

रामाराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको ऐन यसै आ.ब.मा टुङ्गो लाग्ने गरी निर्माणको अन्तिम चरणमा पुगेको प्रतिष्ठानका अध्यक्ष डा. पशुपति चौधरीले बताएका छन ।

ऐनको आभावमा प्रतिष्ठानको काम कारवाही अगाडी बढन नसकिरहेको जानकारी गराउँदै अध्यक्ष डा. चौधरीले भने-"रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापनाको ४ बर्ष बित्न लाग्दा सम्म प्रतिष्ठानको ऐन नबनेर शिक्षण, अध्यापन वा भौतिक पूर्वाधार निर्माण सम्बन्धी कुनै काम हुन सकि रहेको छैन ।"

नेपालकै प्रथम गणतन्त्रवादी नेता रहनु भएका रामराजा प्रसाद सिंहको स्मृति चीरस्थायी बनाउन, मधेश सहित नेपालकै सर्वसाधारण आम नागरिकलाई सहज र सुलभ किसिमले स्वास्थ्य सेवा पुऱ्याउन तथा देश कै लागी दक्ष स्वास्थ्यकर्मी उत्पादन गर्न स्थापना गरिएको रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको बि.सं. २०८०मा सरकारद्वारा गठन आदेश जारी भए पछि मात्र ऐन निर्माणको कार्यले गति लिएको चर्चा गर्दै अध्यक्ष चौधरी भन्छन,"संसदमा ऐन पेश गर्नु पूर्व अन्तिम चरणमा कानून मन्त्रालयले निर्माणको लागि तैआर गरिएको ऐनको मस्यौदा लाई सबै क्षेत्रबाट सल्लाह सुझावको लागि केही निश्चित दिनको लागि सार्वजनिक गर्नु पर्ने हुन्छ र शुक्रबार प्रतिष्ठानको ऐनको प्रस्तावित मस्यौदा कानून मन्त्रालयद्वारा सुझावको लागि सार्वजनिक गरिएको अन्तिम दिन थियो ।

अब नागरिक र विज्ञबाट आएको सुझावहरुलाई संश्लेषण गरी सो को आधारमा गर्नु पर्ने आवश्यक सुधार गरी कानून मन्त्रालयले मस्यौदा नेपाल सरकारमा पेश गर्ने र कैबिनटले सो मस्यौदा पारित गरी संसदमा पेश गर्ने अनि मात्र संसदले पारित गरी प्रस्तावित ऐनको मस्यौदाले ऐनको रुप लिन्छ ।"

नागरिक समाज, बुद्धिजीवि, राजनीतिक दलहरुका प्रतिनिधिहरु सँग आवश्यक छलफलका क्रममा प्रतिष्ठानका अध्यक्ष चौधरीले अब राजनीतिक दलहरुका लागि प्रयास गर्ने महत्वपूर्ण समय आएकोले सक्रिय भई प्रतिष्ठानको पक्षमा लबिङ्ग गर्न राजनीतिक दलहरु लाग्नु पर्ने बताएका छन । सरकारले अझै प्रतिष्ठानलाई बहुबर्षिय योजनामा नराखेको र बातबरणीय प्रभाव आकलनको एन.ओ.सी. नदिएको कारणले प्रतिष्ठानको लागि सरकारले विनियोजन गरेको बजेटको समेत सदुपयोग हुन नसकिरहेको दुखेसो गर्दै डा. चौधरीले भने यी सबै चुनौतीको बाबजुद पनि यहाँका नागरिक समाज र सरोकारवालाहरुले सकारात्मक प्रयास गरे आउँदो आर्थिक बर्षबाट प्रतिष्ठानका गतिविधिले मूर्त लिनेमा हामी आशावादी छौं ।

स्मरण रहोस बर्ष २०७६/०७७ मा वर्तमान प्रधानमन्त्री रहेका के.पी. ओली नै प्रधानमन्त्री र सप्तरीबाट तत्कालिन समयमा साँसद र सरकारमा स्वास्थ्य मन्त्री रहेका उपेन्द्र यादवद्वारा शुरु हुने घोषणा गरिएको रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापनाको श्रेय लिन प्रधानमन्त्रीको पार्टी ने.क.पा. एमाले र उपेन्द्र यादवको पार्टी जसपा नेपाल बिच प्रतिस्पर्धा नै चलेको थियो । अहिले पनि नेकपा एमाले कै नेतृत्वमा सरकार रहेकोले प्रतिष्ठानको रोकिएको कामले गति लिनेमा जानकारहरु आशावादी रहेका छन ।

# सिटिजन्स बैंकले वार्षिकोत्सवमा रक्तदान




**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**

सिटिजन्स बैंक राजविराजले वार्षिकोत्सवको अवसरमा आईतवार रक्तदान कार्यक्रम गरेको छ ।

सप्तरीमा ७ वटा शाखामार्फत सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंकले १८ औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो ।

वैंकका कलष्टर प्रमुख प्रकाश नेपालसहित राजविराज शाखाका १६ जना कर्मचारीले रक्तदान गरेको शाखा प्रमुख राजकुमार यादवले जानकारी दिए ।

बैंकका क्लस्टर प्रमुख प्रकाश नेपाल, राजविराज शाखाका प्रबन्धक राजकुमार यादव, अमिर रहमान, रजनीश यादव, प्रशान्त देव, आशुतोष झा, अमन दास, राघव पोखरेल, अमन दास लगायत दुई दर्जन बढी कर्मचारीले रक्तदान गरेका छन ।

सप्तरीका ७ वटा शाखा र सिरहाका १ वटा गरि ८ वटा शाखाका ७० जना कर्मचारीको सहभागितामा विहानै प्रभातफेरी निकालिएको र त्यसपछि नेपाल रेडक्रस सोसाईटीको सहकार्यमा रक्तदान गरि १८औं वाषिकोत्सव मनाइएको उनले वताए ।

राजाविराज शाखावाट ३० हजार गरि जिल्लाको ७ वटै शाखा मार्फत एक लाख सेवाग्राहीलाई सेवा दिदै आएको सिटिजन्स वैंकको देश भरिमा दुई सय शाखा संचालनमा रहेको शाखा प्रमुख यादवले जानकारी दिए ।

### *जनमतका केन्द्रिय ...*

जिल्ला प्रहरी कार्यालयमा ठगी तथा आपराधिक विश्वासघातको कसुरमा जाहेरी दर्ता भएको जानकारी दिए ।

जाहेरी दर्ता पश्चात् ललितपुर जिल्ला अदालतबाट पक्राउ पुर्जी समेत जारि भएकाले उनलाई पक्राउ गरिएको उनको भनाइ छ ।

### *मतदाता नामावली ...*

नामावली अद्यावधिक प्रयोजनका लागि प्रकाशित प्रारम्भिक नामावलीमा त्रुटि भए सच्याउन, कुनै व्यक्तिको विरोधमा उजुरी दिनु पर्ने भए दिन सकिने छ । त्यसैगरी एकभन्दा बढी स्थानमा नाम समावेश भएमा हटाउन तथा मृत्यु भएका एवम् नागरिकता त्याग गरेकाको नाम मतदाता नामावलीबाट हटाउन यही वैशाख ७ देखि १४ गतेसम्म सम्बन्धित निर्वाचन कार्यालय वा अनलाइनमार्फत् निवेदन दिन सकिने व्यवस्था मिलाइएको आयोगले जनाएको छ ।

यस अवधिमा पनि नयाँ नाम दर्ता तथा अद्यावधिक कार्य निरन्तर भइरहने पनि आयोगले स्पष्ट पारेको छ ।

# राजयोगिनी डा.रत्नमोहन दादीप्रति श्रद्धाञ्जली अर्पण

**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**

प्रजापिता ब्रह्माकुमारी इश्वरीय विश्वविद्यालय माउन्टआबु राजस्थान (भारत) का प्रमुख डा. रत्नमोहनी दादीको निधनमा आइतबार शोकसभा गरिएको छ ।

एक सय ४ वर्षिया डा.रत्नमोहनी दादीको एक साता अघि उपचारका क्रममा मृत्यु भएको थियो । राजयोग सेवा केन्द्र क्षेत्रिय कार्यालय राजविराजद्वारा आयोजना गरिएको उनको श्रद्धाञ्जली सभाका अधिकाँश वक्ताले अध्यात्म, समाज कल्याण र महिला सशक्तीकरणका क्षेत्रमा डा.रत्नमोहनी दादीको अमुल्य योगदान रहेको चर्चा गर्दै उनको निधनले एउटा जिम्मेवार अभिभावक गुमाएको अनुभुती भईरहेको सुनाए ।

ब्रह्माकुमारी राजसंस्थानको मुख्य प्रशासकिय एवं राजयोगिनी डा.रत्नमोहनी दादीको निधनले समाजलाई ठूलो क्षति भएको



भन्दै सहभागी वक्ताहरुले समाजलाई अध्यात्मको बाटोमा लैजान अमुल्य योगदान दिएकी उनी प्रति श्रद्धाञ्जली ब्यक्त गरेका थिए ।

केन्द्रकी मुख्य संचालिका भगवती दिदीको अध्यक्षता तथा मधेश कृषि विश्वविद्यालयका रजिस्टार डा.भगवान ठाकुरको प्रमुख आतिथ्यमा आयोजित श्रद्धाञ्जली सभामा समाजसेवी हरेकृष्ण प्रसाद सिंह, डा.मुरली प्रसाद सिह, प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा, अनुयायी मधुसुधन लाल देव, दिनानाथ यादव लगायतले बोल्दै आफ्नो सम्पुर्ण जीवन मानव सेवामा अर्पण गर्ने स्व.डा.रत्नमोहनी दादीको निधनले एउटा जिम्मेवार अभिभावक गुमाएको महसुश भइरहेको बताए ।

उनीहरुले स्व.डा.रत्नमोहनी दादीको व्यक्तीत्व र कृतित्वबाट प्रेरणा लिई निःस्वार्थ भावले काम गर्नू पर्नेमा जोड समेत दिए ।


# भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति
बि.सं. २०२७/११/१९

स्वार्गारोहण
बि. सं. २०८२/०१/०५

**स्व. रामेश्वरलाल यादव**

हनुमाननगर कंकालिनी नगरपालिका १ भारदह (भलुवा) निवासी श्री राम हनुमान आराधना मंडल नेपालका केन्द्रिय अध्यक्ष तथा हाम्रा अग्रज, मार्गदर्शक र अभिभावक श्री रामेश्वरलाल यादवको यही मिति २०८२/०१/५ गते असमायिक निधन भएको खबरले अत्यन्त दुखी र मर्माहत भएका छौं । यस दुःखद घडीमा मृत आत्माको चिरशान्तीको कामनासहित विभिन्न माध्यमले श्रद्धाञ्जली अर्पण गर्ने सबैमा कृतज्ञता ज्ञापन गर्दछौं ।

**परिवारजनको तर्फबाट**
**श्रीमती** : रामकुमारी देवी यादव
**छोरा** : जयप्रकाश यादव/**बुहारी** : बिनादेवी यादव
**छोरा** : रामप्रसाद यादव/**बुहारी** : रितुदेवी यादव
**भाई** : परशुराम यादव
**तथा**
बिन्दु ठाकुर
अध्यक्ष
श्रीराम हनुमान आराधना मंडल, नेपाल, सप्तरी, राजविराज


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*